# अध्याय : एक

# शोध परिचय

## १.१ शोध शीर्षक

यस शोधपत्रको शीर्षक 'कक्षा १० को नेपाली विषयको जीवनी विधामा प्रयुक्त शब्द भण्डारको अध्ययन' रहेको छ ।

## १.२ शोधको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्व विद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली शिक्षा विभाग अन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह दोस्रो (नेपा.शि. ५९८) को प्रयोजनका लागि तयार पारिएको हो ।

## १.३ पृष्ठभूमि

नेपाल विश्वका साना राष्ट्रहरु मध्येको एक शान्त, सुन्दर र अनेक विविधताले युक्त राष्ट्र हो । भौगोलिक विविधता, जातीय विविधता, धार्मिक विविधता र भाषिक विविधताले नेपाललाई हरेक क्षेत्रमा समृद्धशाली र आश्चर्यजनक बनाएका छन् । भाषिक विविधतालाई मध्यनजर गर्दा यहाँ प्रयोग गरिने भाषाहरुमा भारोपेली, भाटेवर्मेली, अग्नेली र द्रबिडेली परिवारका भाषाहरु छन् । यिनै मध्येको भारोपेली भाषा परिवार अन्तर्गत रहेको नेपाली भाषालाई नेपाल राष्ट्रको राष्ट्रभाषाको रुपमा प्रयोग गरिएको छ यहाँका मानिसहरुमध्ये ५०.३ प्रतिशत मानिसहरु नेपाली भाषालाई मातृभाषाको रुपमा प्रयोग गर्दछन् । त्यस्तै ४४.६ प्रतिशत मानिसहरु नेपाली भाषालाई सम्पर्क भाषाको रुपमा प्रयोग गर्दछन् (राष्ट्रिय जनगणना, २०६८:१६४) ।

यसरी नेपाली भाषा नेपालको राष्ट्रभाषा भएकोले र सम्पर्क भाषा पनि भएकोले यसको प्रयोग नेपालका सरकारी कार्यालय तथा कामकाजको क्षेत्रमा व्यापकरुपमा भएको छ । त्यस्तै शिक्षा र सञ्चार जगतका यावत पक्षहरुमा पनि (मातृभाषाका प्राथमिक शिक्षा प्रदान गर्ने धेरै विद्यालयमा बाहेक) यसको प्रयोग हुँदै आएको छ ।

नेपाली भाषाका प्रणेताको रुपमा आदिकवि भानुभक्तलाई लिइए तापनि नेपालमा भाषा पाठशाला खुलेपछि जयपृथ्वी बहादुर सिंहले नेपाली भाषामा 'अक्षराङ्क शिक्षा' (वि.सं. १९५८) नामक पुस्तक लेखेदेखि नै नेपाली भाषाको प्रयोग र विस्तार विद्यालय तहमा देखिन थालेको पाइन्छ । नेपाली भाषाले आफ्नो सिमित क्षेत्र कर्णाली अञ्चलको सिँजादेखि आफ्नो क्षेत्र विस्तार गर्दे अहिले नेपालभन्दा बाहिरका मुलुकहरु भारत, भुटान, वर्मा आदि देशहरुमा अतिरिक्त युरोप, जापान, अमेरिका, बेलायत, जर्मनी अरब, लगायतका देशहरुमा पनि आफ्नो क्षेत्र विस्तार गरेको छ भने भारतको आठौं अनुसूचीमा समेत नेपाली भाषालाई मान्यता दिएको छ । नेपालको संविधान २०४७ भाग १ को धारा ६ को उपधारा १ मा नेपाली भाषालाई राष्ट्रभाषा मानिएको छ ।

नेपाली विषयकै सन्दर्भमा भन्नुपर्दा 'राष्ट्रिय शिक्षा योजना आयोग २०११' ले कक्षा ६ देखि ९ सम्म एक पत्र मात्र समावेश गर्ने कार्य गरेको थियो भने 'सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति २०१८' ले पनि विद्यालयको प्रा.वि., नि.मा.वि. सम्म १०० पूर्णाङ्कको नेपाली विषय लागु गरेको थियो । समयको परिवर्तनसँगै शिक्षा क्षेत्रमा पनि परिवर्तन हुनु आवश्यक छ सोही अनुसार २००७ देखि २०२७ सम्मको शिक्षा पद्धतिमा देखिएका कमी कमजोरीहरुको कारण २०२८ सालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू गरियो जसमा नेपालीलाई प्राथमिक तहमा ३००, ४, ५ मा २०० नि.मा.वि. ६-७ मा १७० र मा.वि. ८-१० मा १०० पूर्णाङ्कको नेपाली विषय समावेश गरिएको देखिन्छ । यस समयको शिक्षण पद्धतिलाई हेर्दा क्रमशः तल्लो कक्षामा लेखाइ पढाइ भन्दा सुनाइ बोलाइमा बढी जोड दिइएको पाइन्छ भने उपल्ला कक्षाहरुमा हेर्दा सुनाइ बोलाइ कम र पढाइ लेखाइमा विशेष जोड दिइएको देखिन्छ ।

प्राथामिक कालीन नेपाली भाषाको अवस्था र हालको अवस्थालाई तुलना गर्दा भाषामा व्यापक परिवर्तन र प्रगति भएको पाइन्छ । विभिन्न साहित्यिक कृतिहरुको लेखाजोखा गर्दा नेपाली भाषालाई सम्वृद्धशाली नै देखिन्छ । नेपाली भाषाप्रति वर्तमानको सानो दुखेसो भने रहेको छ त्यो के हो भने नेपाल राज्यभरिका सरकारी विद्यालयहरुमा (संस्कृत बाहेक) नेपाली भाषाको माध्यममा पढाइ भइरहेको सन्दर्भमा केही सरकारी विद्यालयमा समेत अङ्ग्रेजी माध्यमबाट पढाइ भएको पाइन्छ । अङ्ग्रेजी भाषाको बढ्दो चहल पहल र अन्तर्राष्ट्रिय क्षेत्र अन्तर्गतको भाषा पर्न गएकोले हाल हामी नेपाली भाषाप्रति श्रद्धा राख्ने तर अङ्ग्रेजी प्रति झुक्न पुगेको तितो सत्य हाम्रो अगाडि प्रत्यक्ष रहेको छ ।

नेपाली भाषाको यो अवस्थालाई अवलोकन गर्दा सरदर नेपाली भाषाको प्रगति छोटो समयमा अत्यधिक मात्रामा भएको पाइन्छ । कुनै पनि भाषाको विकास हुनको लागि सम्बन्धित भाषाको शब्द भण्डार सम्वृद्धशाली हुनु आवश्यक देखिन्छ । शब्द भण्डार भनेको भाषाको मेरुदण्ड हो । भाषा विकासको निम्ति त्यस भाषा अन्तर्गत शब्द भण्डारको भूमिका महत्त्वपूर्ण रहेको हुन्छ । भाषिक सिप सिकाइमा शब्द भण्डारको छनौट र स्तरणले पनि प्रमुख भूमिका निर्वाह गरेको हुन्छ ।

विद्यार्थीहरुलाई शिक्षण गराउनुको पछाडि शिक्षाको उद्देश्य रहेको हुन्छ । शिक्षाको उद्देश्य पूरा गर्नका लागि पाठ्यक्रम तय गरिएको हुन्छ । शिक्षाको उद्देश्य हासिल गराउनको लागि असल पाठ्यक्रम भएर मात्र हुँदैन कि स्तरीय पाठ्य सामग्री पनि हुनु पर्दछ । भाषाका पाठ्य पुस्तकहरु विभिन्न प्रकृतिका हुन्छन् । यसले भाषाका विविध पक्ष र विधालाई समेट्नु पर्दछ, जसले विद्यार्थीमा भाषिक क्षमताको विकास गर्न सकोस् । भाषाका विविध पक्ष मध्ये शब्द भण्डार पनि एउटा महत्त्वपूर्ण अङ्ग हो । जसले भाषाको पाठ्य पुस्तकलाई समय सापेक्ष बनाउनको लागि समय-समयमा शब्द भण्डारको अध्ययन हुनु आवश्यक देखिन्छ ।

भाषा विकासमा अपरिहार्य भूमिका निर्वाह गर्ने शब्द भण्डारको ज्ञान हुन जो कसैलाई पनि आवश्यक हुन्छ । भाषा विचार विनिमयको माध्यम हो । शब्द भण्डारले लेखाइ पढाइमा त यसै पनि भूमिका खेलेको हुन्छ नै, त्यति मात्र नभएर सुनाइ बोलाइमा पनि यसको स्थान उत्तिकै महत्त्वपूर्ण छ । तार्किक विचार आदान प्रदानको लागि र खुलस्त रुपमा अभिव्यक्ति दिनको लागि हरेक व्यक्तिमा शब्द भण्डारको क्षमता मजबुद हुनु पर्दछ । शब्द भण्डार क्षमता नभएको मानिसले न त आफ्नो विचार अरु समक्ष प्रकट गर्न सक्छ, न त अरुको विचारलाई नै बुझ्न पनि सक्छ ।

शिक्षण सिकाइ कार्यलाई हेर्दा विद्यार्थीमा भाषिक सिप विकास गर्न विविध विषयको बोध र अभिव्यक्ति कलामा सक्षम बनाउँदै लैजान शब्द भण्डारको विकास गर्दै लैजानु आवश्यक छ । बाल बालिकालाई सिकाइने शब्दहरु पुस्तकालयीय विषय वस्तुसँग मात्र सम्बन्धित नभै विश्व ब्रह्माण्डको ज्ञान र अनुभवहरुलाई व्यक्त गर्न आवश्यक पर्ने उपयोगी र उपयुक्त हुनु पर्दछ । (ग्रेअर्नस र रेड्म्याम, १९८१:१५) । विद्यार्थीहरुले ग्रहण गरेको ज्ञानलाई अभिव्यक्त गर्न सक्षम बनाउनको लागि उनीहरुले शब्द भण्डार बृद्धि कार्यलाई प्राथमिकता दिनु पर्दछ बल्ल उनीहरुले पाठ्यक्रमको उद्देश्य अनुरुप भाषा सिक्न सक्छन् ।

शिक्षण सिकाई प्रकृयामा शब्द भण्डारको अहं महत्व रहे तापनि भाषा शिक्षणमा यसलाई त्यति प्राथमिकता दिइएको पाइदैन । विद्यालय तहमा शब्द भण्डारको छनौट र स्तरण पक्षलाई पाठ्य पुस्तक निर्माण एवम् लेखन कार्य गर्दा हालसम्म खासै ध्यान दिइएको पाइँदैन । वास्तवमा भाषा शिक्षणकको उद्देश्य बालबालिकाहरुमा शब्द भण्डार क्षमता अभिवृद्धि गराउनु नै हो र त्यसको लागि पाठ्य पुस्तकमा रहेका पाठ अन्तर्गत के कस्ता शब्दहरुको विन्यास गरिएको छ र बाल बालिकाको लागि के कति प्रासङ्गिक छन् भन्ने कुराको अध्ययन पनि उक्त कुराहरुलाई ख्याल गर्दै प्रारम्भ गरिएको छ ।

## १.४ समस्या कथन

वर्तमान समयमा विद्यालय तहका हरेक कक्षामा प्रयोग गरिएका नेपाली विषयका पाठ्य पुस्तकहरुमा बारम्बार शब्दहरु दोहोरिएका छन् कतिपय शब्दहरुको पुनरावृत्तिलाई सान्दर्भिक पनि मान्नु पर्दछ । त्यस्तै शब्दहरुको कठिनाइ स्तरलाई पनि वृद्धि गर्दै लैजानु आवश्यक देखिन्छ । कतिपय पाठ्य पुस्तक अन्तर्गत रहेका पाठहरुमा बालबालिकाको स्तर भन्दामाथि उठेका शब्दहरु प्रयोग हुन सक्छन् त कतिपय पाठहरुमा अत्यन्तै सरल शब्दहरुको प्रयोग पनि गरिएको हुनसक्छ । यसरी बाल बालिकाको स्तरलाई ख्यालै नराखीकन लेखिएका पाठ्य पुस्तकहरु उपयुक्त नहुन पनि सक्छन् । यसकारण धमाधम शिक्षण सिकाइमा प्रयोग गरिएका पाठ्य पुस्तकहरुमा शब्द भण्डार सम्बन्धमा के कस्ता त्रुटिहरु छन् छुट्याउनु उपयुक्त देखिन्छ ।

प्रस्तुत अध्ययनमा कक्षा १० को चालु नेपाली विषयको पाठ्य पुस्तकलाई मात्र आधार बनाई हेर्न खोजिएको छ । यस विषयमा पनि सबै पाठ्यांशहरुको अध्ययन असम्भव देखिएकोले केबल जीवनी विधालाई मात्र अध्ययनको विषय वस्तु बनाइएको छ । अध्ययनमा जीवनी विधा अन्तर्गत प्रयोग भएका शब्द भण्डारको अवस्था अवलोकन गर्नको लागि निम्नानुसारका समस्यालाई प्रस्तुत गरिएको छ :

क) कक्षा १० को नेपाली किताबको जीवनी विधामा प्रयुक्त शब्दहरु कुन कुन स्रोतबाट आएका छन् ?

ख) पद वर्गका दृष्टिले कुन कुन वर्गका पदहरुको बाहुल्यता रहेको छ ?

ग) सम्बन्धित विधामा प्रयुक्त शब्दका कमजोरीहरु र सुधारका उपायहरु के के हुन् ?

## १.५ शोधको उद्देश्य

प्रस्तुत शोध कार्यमा निम्नलिखित उद्देश्यहरु रहेका छन् :

क) कक्षा १० को नेपाली पाठ्य पुस्तकको जीवनी विधामा प्रयुक्त शब्दहरुको स्रोत पहिचान गर्नु,

ख) विभिन्न स्रोतबाट प्राप्त शब्दहरुलाई पदवर्गका आधारमा वर्गीकरण गर्नु,

ग) सम्बन्धित विधामा प्रयुक्त शब्दका कमजोरीहरुको पहिचान र सुधारका उपाय पत्ता लगाउनु ।

## १.६ शोधको औचित्य

कुनै पनि विषय वस्तुमा खोज गर्नुको अर्थ त्यस विषयका सबल र दुर्बल पक्षलाई केलाएर आवश्यकता सुधार गनु नै रहेको हुन्छ । यस संसारमा सिर्जित कुनै पनि वस्तुको केही न केही मात्रामा वा कुनै न कुनै क्षेत्रमा उपयोग हुने हुँदा त्यसको महत्त्व रहन गएको देखिन्छ । यदि त्यसको उपयोग एवम् महत्त्व नरहने भए त्यस्ता वस्तुहरु सिर्जित नै हुँदैनथे होला । त्यसकारण प्रस्तुत शोधकार्यको महत्त्वलाई पनि उक्त तथ्यबाट अलग्याउन सकिँदैन ।

भाषा विचार विनिमयको एक सशक्त एवम् प्रभावशाली माध्यम भएको र भाषाको संरचना शब्दहरुको आडमा मात्र हुने भएकाले शब्द भण्डारको ज्यादै महत्त्व रहेको प्रमाणित हुन्छ । भाषिक सिप विकासको क्रममा शब्द भण्डारको महत्त्व अपरिहार्य रहन्छ । प्राथमिक तहदेखि नै भाषिक सिपको विकास गराउन उपयुक्त शब्द भण्डारको अभावमा सम्भव छैन । त्यसैले पाठ्य पुस्तकमा राखिएका पाठहरुमा प्रयुक्त शब्दहरुको छनौट र स्तरण उपयुक्त किसिमले भएको छ, छैन भन्ने कुराको अध्ययन यस शोध कार्यमा हुने भएकोले हुनाले यसको ज्यादै महत्त्व भएको कुरा प्रष्ट पार्न सकिन्छ ।

शोधकार्यले गर्दा आज नेपाली विषयको विभिन्न विधामा दिनानुदिन नयाँ कुराहरु पत्ता लागेका छन् र सोही अनुसार पारिमार्जित पनि भएको देखिन्छ । भाषालाई उन्नतिको शिखरमा पुऱ्याउने एउटा मुख्य उपाय पनि खोज कार्य नै भएकोले प्रस्तुत विषयको अध्ययनलाई शोध कार्यको रुपमा अगाडि सारिएको छ । यस शोधको मुख्य औचित्य कक्षा १० को नेपाली विषयको जीवनी विधा अन्तर्गत प्रयुक्त शब्दहरुलाई विभिन्न कोणबाट खोज

गर्ने र कमी कमजोरी फेला परेमा आवश्यक सुझाव दिनु नै रहेको छ । यस शोधको अध्ययनबाट निम्न व्यक्तिहरु विभिन्न पक्षबाट लाभान्वित हुनेछन् :

अ) सम्बन्धित शोधको अध्ययनले शिक्षकहरुमा शब्द भण्डार सम्बन्धी विभिन्न पक्षको ज्ञान प्रकाश पार्ने छ ।

आ) प्रस्तुत शोधको अध्ययन पश्चात विद्यार्थी वर्गमा शब्दवर्ग तथा शब्दस्रोत सिक्ने हौसला थपिने छ ।

इ) यस शोधको अध्ययनले शोधार्थीहरुलाई शब्द भण्डार अध्ययनमा सामग्रीको काम गर्ने छ । प्रस्तुत शोधले पाठ्यक्रम निर्मातालाई जीवनी विधामा प्रयोग गरिने शब्द छनौटमा सहयोग पुऱ्याउने छ ।

उ) यस शोधको अध्ययनले पुस्तक लेखकलाई उपयुक्त शब्द प्रयोग गर्न सुझाव मिल्न छ ।

## १.७ शोधपत्रको सीमा

प्रस्तुत शोधपत्रका सीमाहरु निम्नानुसार रहेका छन् :

क) यसमा माध्यमिक तहको कक्षा १० अन्तर्गत नेपाली पाठ्य पुस्तकको जीवनी विधाको मात्र शब्द भण्डार अध्ययन गरिएको छ ।

ख) उक्त विधामा प्रयुक्त शब्दहरुलाई स्रोत र पदवर्गका आधारमा पहिचान गरिएको छ ।

# अध्याय : दुई

# पूर्वकार्यको समीक्षा

## २ पूर्वकार्यको समीक्षा

एक वा एकभन्दा धेरै अक्षरहरु मिलेर बनेको भाषिक इकाइलाई नै हामी शब्द भन्दछौं । शब्द अर्थयुक्त हुनु पर्दछ र अर्थयुक्त शब्दहरुको पद सङ्गतिबाट निस्केको अभिप्राय नै विचार विनिमयको माध्यम पनि हो । विद्यार्थीहरुको लागि त झन शब्द सञ्जालको बारेमा अध्ययन गराउनु झनै आवश्यकता कुरा हो विद्यार्थीहरुले भाषिक कौशल हासिल गर्ने भाषिक सिपहरुः सुनाइ, बोलाइ, पढाइ र लेखाइ क्षमताको सम्बन्ध भनेको शब्द भण्डार हो । त्यसैले कसैलाई भाषा सिकाउँदा उसले शब्द भण्डारको बारेमा केही जान्नु आवश्यक हुन्छ । शब्द भण्डारको ज्ञानको अभावमा भाषा सिक्न, सिकाउन सकिदैन । भाषाको पाठय पुस्तक निर्माण गर्दा विद्यार्थीहरुका क्षमता र आवश्यकताका आधारमा शब्दहरुको चयन गर्नु आवश्यक हुन्छ । त्यसका लागि शब्द छनौट र स्तरणलाई गम्भीरतापूर्वक अंगालेर शब्दहरुको चयन गरेमा भाषा शिक्षणको उद्देश्यलाई महत्त्वपूर्ण सघाउ पुग्न सक्छ ।

कुनै पनि विषयमा अनुसन्धान गर्नु पूर्व सम्बन्धित विषयको अनुसन्धेय वस्तुहरु के के हुन सक्छन् भन्ने कुराको बारेमा जानकारी हुनु आवश्यक देखिन्छ । सम्बन्धित विषयवस्तुको अनुसन्धान गर्ने क्रममा पूर्वकार्य नै प्रमुख गोरेटो हुन आउँछ । जसको माध्यमले अनुसन्धानकर्तालाई आफ्नो विषयमा कस्ता पक्षहरुको अनुसन्धान भएका छन् र कुन कुन पक्षहरु अनुसन्धानमा समेटिएका छैनन अनि त्यस्तै अरु थप खोज गर्नुपर्ने कुराहरु कस्ता छन् भन्ने कुराको निर्देशन प्राप्त गर्न सकिन्छ । विगतका अनुभवले नै वर्तमानमा अगाडि बढ्न प्रेरणा प्रदान गर्ने हुँदा जुनसुकै कार्य गर्नको लागि पनि त्यस कार्यसँग सम्बन्धित पूर्वकार्यको जानकारी लिन आवश्यक हुन्छ । यस शब्द भण्डारको अध्ययन गर्ने सिलसिलामा पनि यसभन्दा पहिले विभिन्न विद्वान्, लेखक, अनुसन्धानकर्ता एवम् स्वदेशी तथा विदेशी विद्वान्हरुले सम्बन्धित क्षेत्रमा के कसरी अध्ययन गरेका छन् भन्ने कराको खोजी र निष्कर्षलाई समीक्षात्मक रुपले प्रस्तुत गरिएको छ ।

सर्वप्रथम शब्द भण्डारको अध्ययन व्यर्नडाइकले सन् १९२१ र १९३१ मा तथा सन् १९२६ मा हर्नले प्रौढहरुको शब्द भण्डार सम्बन्धी अध्ययन गरेका छन् । त्यसै गरी लेडवेटरले बालक तथा प्रौढहरुको शब्द आवृत्ति सम्बन्धी विधि अध्ययन गरेकी छिन् । अध्ययन कै क्रममा एडवाइर्स र मिनिभाले सन् १९४६ मा बेलायतका बाल बालिकाहरुको शब्दावली सम्बन्धी अध्ययनल गरेका छन् । त्यसैगरी बकिङ्घम तथा डोल्चले सन् १९३६ मा रिसलैण्डले सन् १९४५ मा, प्याजेले सन् १९५९ मा गरेका सबै अध्ययनहरु शब्द भण्डारसँग सम्बन्धित् छन् (खनाल, २०५६:७) ।

कृष्ण प्रसाद शर्मा (२०५०), ले 'कक्षा ९ को नेपाली पाठ्य पुस्तकको जीवनी विधामा प्रयुक्त शब्द भण्डारको अध्ययन' शीर्षकमा गरेको पाइन्छ । उक्त अध्ययनमा जीवनी विधाको शब्द भण्डारगत स्थितिको अवलोकन गरी उक्त शब्दहरुलाई स्रोतको आधारमा, वर्गको आधारमा, बनोटको आधारमा र आवृत्ति तथा प्रयोग क्षेत्रका दृष्किोणले विश्लेषण र वर्गीकरण गरेको पाइयो । विधि उक्त शोधकार्यमा एकभन्दा बढी विधिको उपयोग गरिए पनि पुस्तकालयीय विधिलाई विशेष महत्त्व दिइएको पाइन्छ । निष्कर्षमा स्रोतका दृष्टिले तद्भव शब्दको आधिक्यता, शब्दवर्गका दृष्टिले नाम शब्दको आधिक्यता, संरचनागत दृष्टिले व्युपन्न शब्दको बाहुल्यता रहेको र आवृत्ति गणना गर्दा 'उन ' शब्दको २१२ पटक आवृत्ति भएको निष्कर्ष निकालेका छन् ।

शब्द भण्डार अध्ययनका क्रममा होमप्रसाद आचार्य (२०५४), ले 'कक्षा ५ पुरा गरेका विद्यार्थीहरुको शब्द भण्डार क्षमताको अध्ययन' शीर्षकमा शब्दको औचित्य सम्बन्धी अध्ययन गरेका छन् । उनले बहुसङ्ख्यक विद्यार्थीहरुको शब्द भण्डार क्षमता मध्यमान भन्दा माथि भएकाले सन्तोष जनक देखाएका छन् । क्षेत्रगत, उमेरगत, लिङ्गगत सबै तहमा पहिचानात्मक शब्द क्षमता समान र सन्तोष जनक देखाएका छन् । पहाड र तराईका विद्यार्थीहरुमा भेद देखिए तापनि उपत्यका र तराईमा खासै अन्तर देखिदैन भन्ने उनको अध्ययनको निचोड रहेको छ ।

त्यसै गरी तेजप्रसाद खनाल (२०५६), ले 'कक्षा ५ को मेरो नेपाली किताबमा प्रयुक्त शब्दहरुको आवृत्ति गणना' शीर्षकमा अध्ययन गरेको पाइन्छ । उक्त अध्ययनमा शब्द स्रोतको आधारमा तत्सम ५९० वटा, तद्भव ८९२ वटा र आगन्तुक १४८ वटा शब्द रहेको देखाइएको छ, तर कुनै पाठ्य पुस्तकमा खास विधामा केन्द्रित भएर अध्ययन गरेको अवस्था हाल आएर यदाकदा देखिन थालेको छ ।

अन्जली अधिकारी (२०६०), ले तयार गरेको शोधपत्र 'कक्षा दुईको मेरो नेपाली किताब, नयाँ नेपाली श्रृङ्खला र सजिलो नेपाली माला मा प्रयुक्त शब्द भण्डारको तुलनात्मक अध्ययन' मा सम्बन्धित विषयका तत्सम, तद्भव र आगुन्तक लगायत अन्य कोणबाट शब्दहरुको अध्ययन गरेकी छिन् । विश्लेषणको क्रममा  पदवर्ग सम्बन्धी विश्लेषण, स्रोतगत वर्गीकरण र विश्लेषण गरेकी छिन् । उक्त शोधपत्र मूलत पुस्तकालयीय बिधिमा आधारित देखिन्छ । अधिकारी अनुसार पुस्तकमा रहेका शब्दहरु फरक रहेको एउटै कक्षामा अध्यापन गर्न स्वीकृत प्राप्त किताबको शब्द भण्डार स्तर सन्तुलित नभएको, विभिन्न विषयमध्ये लत्ता कपडा, बोट विरुवा र फलफूल, घरायसी समान र सङ्ख्यावाचक जस्ता शब्दको सङ्ख्या अपेक्षाकृत रुपमा न्यून रहेको बताएकी छन् । पदवर्गगत शब्द स्रोतगत अक्षर सङ्ख्याका अतिरिक्त तिनीहरुको विषय क्षेत्रसँग सम्बन्द्ध गरेर प्राप्त नतिजा हेर्दा आगामी संविधानमा आवश्यकता अनुसार सच्याउनु पर्ने टिप्पणी गरेकी छन् ।

रञ्जिता भट्ट (२०६०), ले 'कक्षा ६ को हाम्रो नेपाली पाठ्य पुस्तकको कथा विधामा प्रयुक्त शब्द भण्डारको अध्ययन' शीर्षकमा शोधपत्र तयार गरेको पाइन्छ । उक्त विधाको शब्द भण्डार सात स्थितिको अवलोकन गरी पाठभित्र शब्दहरुलाई स्रोत, वर्ग, बनोट, आवृत्ति तथा प्रयोग क्षेत्रका दृष्टिले विश्लेषण तथा वगीकरण र शब्दहरुको आवृत्तिको समेत गणनाका आधारमा प्रयुक्त सक्रिय तथा निष्क्रिय शब्दहरु रहेको देखिन्छ । उयक्त शोध प्रकृया शब्दहरुलाई स्रोत, शब्दवर्गगत, बनोट, रुपायन आदिका आधारमा प्रस्तुत गरिएको पाइयो । अनुसन्धान कार्यमा पुस्तकालयीय र विश्लेषण बिधि अपनाएका पाइयो । कथा विधामा प्रयुक्त शब्द भण्डारलाई समग्रमा विश्लेषण गर्दा आयामका दृष्टिले सन्तुलन नभएको, शब्दहरुको स्तर उपयुक्त नभएको र शब्द भण्डार सम्बन्धी अभ्यासमा ध्यान दिन नसकेको पाइयो ।

उपेन्द्र सुवेदी (२०६१), ले 'आर्दश समाज' को सम्पादकीयमा प्रयुक्त शब्दको अध्ययन' शीर्षकमा शब्द भण्डारको अध्ययन गरेको पाइन्छ । यस अध्ययनमा वर्षभरिमा प्रकाशित 'आर्दश समाज' पत्रिकालाई अनुसन्धानको विषयवस्तु बनाइएको छ साथै निम्न तत्त्वहरुलाई अनुसन्धानको विषय वस्तु बनाइएको छ । शब्दसङ्ख्या र पर्याय शब्दको आधारमा, स्रोतको आधारमा, पदवर्ग, उपसर्ग र प्रत्ययको आधारमा र शब्दमा भएको परिवर्तनका आधारमा शब्द भण्डारको अध्ययन गरेको पाइयो । अनुसन्धान कार्यमा पुस्तकालयीय विधि र क्षेत्रीय सामग्री सङकलन विधिको पनि उपयोग गरिएको देखिन्छ । यस

अध्ययनबाट खासगरी अरबी र फारसी भाषाबाट आएका शब्दहरुले प्रयोग क्षेत्रलाई विकृत समेत पारेका, प्राप्त पर्यायले समेत पूर्ण अर्थ दिन असमर्थ भएका, कतिपय शब्दहरु साधारण जनमानसले पचाउन नसक्ने र नेपाली शब्द कोशले ग्रहण गर्न नसकेको पाईयो । यसरी प्रयोग क्षेत्रमा आएका आगुन्तक शब्दहरुलाई नेपाली शब्दकोशले समेट्नु पर्ने सुझाव दिएको पाइन्छ ।

उल्लिखित समीक्षालाई हेर्दा नेपाली विषयमा शब्द भण्डार सम्बन्धी अध्ययन कार्य अगाडि बढ्दै आएको देखिन्छ । जसले विभिन्न तहमा प्रयुक्त, विभिन्न विधामा प्रयुक्त शब्दहरुको विश्लेषण गर्दै यसमा देखिएका कमी कमजोरी सुधार्नमा निकै सघाउ पुऱ्याएको पाइन्छ । पूर्वकार्यहरुको समीक्षाबाट कक्षा १० को नेपाली विषयको जीवनी विधामा प्रयुक्त शब्द भण्डार अध्ययन भएको पाइदैन । यस विधामा प्रयोग भएका शब्दहरुको अध्ययन गर्नु पर्ने आवश्यकता देखिएकोले उक्त अभावलाई पूर्णता दिनको लागि विभिन्न कोणबाट शब्द भण्डार अध्ययन गर्नको लागि यस अध्ययनलाई लिइएको छ ।

# अध्याय : तिन

# शोध विधि

## ३.१ शोध विधि

कुनै विषयमा शोध गर्नु आफैंमा जटिल कुरा हो । खोज र अनुसन्धानको कुनै सीमा पनि रहँदैन । भाषिक क्षेत्रको शोधकार्यको पनि आफ्नै विधि र तौर तरिकाहरु रहेका हुन्छन् । शोधकार्यको लागि पनि विभिन्न विधिहरु अपनाउन सकिन्छ । यस कार्यमा प्रयोग गरिएका विधिहरु विश्वसनीय, वैध र वैज्ञानिक समेत हुनु आवश्यक हुन्छ । प्रस्तुत कक्षा १० को जीवनी विधामा प्रयुक्त शब्दहरुको अध्ययनको लागि विभिन्न बिधिहरु अपनाइएको छ । कक्षा १० को नेपाली पाठ्य पुस्तक अन्तर्गत जीवनी विधामा प्रयुक्त शब्हरुको शब्द भण्डार अध्ययन एक गहन अध्ययन हो । यहाँ जीवनी विधाको शब्द भण्डार अध्ययन गर्दा पुस्तकायीय विधिलाई अपनाइएको छ । कतै वर्णनात्मक विधिको पनि सहयोग लिइएको छ । त्यस्तै पाठ्य पुस्तक विधि र विश्लेषण विधिलाई अपनाइएको छ उक्त विधिहरुको अनुशरण गर्दै यस अनुसन्धानलाई निरन्तरता दिइएको छ ।

## ३.२ शोधपत्रको रुपरेखा

प्रस्तुत शोधपत्रको रुपरेखा निम्नानुसार चार अध्ययनमा विभाजन गरिएको छ ।

**अध्याय एक :** यस अध्ययनमा शोधशीर्षक, शोधप्रयोजन, पृष्ठभूमि समस्या कथन, उद्देश्य, औचित्य तथा महत्त्व, शोधपत्रको सीमा रहेका छन् ।

**अध्याय दुई :** यस अध्ययनमा पूर्वकार्यको समीक्षा रहेका छन् ।

**अध्याय तिन :** यस अध्ययनमा शोध विधि र शोधपत्रको रुपरेखा रहेका छन् ।

**अध्याय चार :** यस अध्ययनमा शब्द भण्डारको अध्ययन अन्तर्गत परिचय, पदवर्गगत शब्द भण्डार, भाषा पाठ्य पुस्तकमा शब्द भण्डारको महत्त्व, पदवर्गगत शब्द भण्डारको परिचय र स्रोतका आधारमा शब्द भण्डारको परिचय रहेका छ ।

**अध्याय पाँच :** यस अध्ययनमा पाठगत शब्द भण्डारको विश्लेषण अन्तर्गत जयपृथ्वी बहादुर सिंह, इमानसिंह चेमजोङ र नेल्सन मण्डेला पाठमा रहेका शब्दहरुलाई स्रोतका आधारमा र शब्द वर्गको आधारमा तालिकाबद्ध वर्गीकरण गरिएको छ ।

**अध्याय छ :** यस अध्ययनमा उपसंहार अन्तर्गत निष्कर्ष, सुझावहरु, शैक्षिक प्रयोजन, भावी अध्ययनका लागि सम्भावित शीर्षक रहेका छन् ।

**सन्दर्भ ग्रन्थ सूची**

# अध्याय : चार

## शब्द भण्डारको अध्ययन

### ४.१ परिचय

'शब्द' अक्षर वा अक्षरहरुको सामूहिक गठनद्वारा बनेको अर्थयुक्त भाषिक एकाइ हो । भाषिक उच्चारणको मुख्यस्रोत रुपमा पनि शब्दलाई लिन सकिन्छ । शब्द शब्दको सङ्गतयुक्त मेलबाट नै कुनै पनि भाषाको परिकल्पना गर्न साकिन्छ । विना शब्दको भाषा सम्भव छैन र विना भाषाको विचार विनिमय सम्भव छैन । समयको बहाब र अन्तरालसँगै शब्दको अर्थमा पनि परिवर्तन र भिन्नता आउन सक्दछ । समय अनुसार शब्दको उन्नति अवानति, अर्थ विस्तार, अर्थ सङ्कुचन समय र त्यसको प्रयोगको स्थितिसँगै हुन्छ । यसलाई स्वभाविक प्रक्रियाका रुपमा लिन सकिन्छ । शब्दको परिभाषालाई विभिन्न भाषाविद्हरुले आ आफ्नै तरिकाले व्यक्त गरेका छन् । 'शब्द' उत्पत्तिको दृष्टिकोणल संस्कृतको मूल शब्द हो । यसको अर्थ 'ध्वनि' यो ध्वनि उत्पादन गर्नु पनि हो । शब्दलाई भाषिक दृष्टिकोणका हिसाबले अध्ययन गर्दा अंग्रेजीमा 'वर्ड' डचमा 'उर्ड' जर्मनीमा 'उर्ट', गोथिकमा 'वाउर्ड', आइस्ल्याण्डेसीमा 'अर्थ' अरेविकमा 'लफ्ज' भनिन्छ । यसको मुख्य अर्थ ध्वनिसँग सम्बन्धित छ (तिवारी, २०२० : ६३४-६५५) ।

अनुभूति विषय वस्तुलाई व्यक्त गरिने वर्णनात्मक ध्वनि, आवाज, वर्ण समूहबाट बनेको कुनै अर्थ बुझाउने ध्वनि, सार्थकपद, लवज शब्द हो (पोखरेल, २०६७) ।

यस प्रकार भाषाविद्हरुको मत अनुसार शब्द भनेको वाक्य निर्माणको एक आवश्यक अङ्ग हो । शब्द शब्दले वाक्य बन्दछ । वाक्य भनेको नै भाषा हो । शब्द विस्तारले भाषा विस्तार हुन्छ । शब्द लोप भएमा भाषाको नै लोप हुन सक्छ । शब्द सङ्कुचनको कारणले भाषमा फेरबदल आउन सक्छ । कतिपय भाषाहरु शब्दहरुको कारणले गर्दा नै लोपोन्मुख अवस्थामा पुगेका छन । त्यसैले भाषालाई जीवित राख्नको लागि शब्दहरुलाई पनि जीवित राख्नु आवश्यक देखिन्छ ।

कुनै पनि भाषा अन्तर्गत रहेका सम्पूर्ण शब्दहरुको विस्तृत भण्डारलाई शब्द भण्डार भनिन्छ । शब्द र भण्डार दुई शब्दको मेलबाट 'शब्द भण्डार' शब्द बन्दछ । शब्द भण्डारलाई शब्द समूह, शब्दकोश पनि भनिन्छ । यसलाई अङ्ग्रेजीमा 'भोकाबुलरी' शब्दले चिनिन्छ । शब्द भण्डारलाई शब्द नै शब्दको खानी पनि मान्न सकिन्छ । किनकी भाषालाई

आवश्यक पर्ने शब्दहरु यसैमा उपलब्ध हुन्छन् । सबै भाषामा आफ्ना आफ्ना शब्द भण्डार हुन्छन् । तर यसो भन्दैमा भाषामा मात्र शब्द भण्डार पाइन्छ भन्न खोजिएको होइन । व्यक्तिमा पनि आफ्नै शब्द भण्डार हुन्छन्, जस्तै चर्चिलसँग ६०००० शब्द थिए । यसरी हेर्दा शब्द भण्डार भनेको "कुनै व्यक्ति, भाषा यो बोलीद्वारा प्रयुक्त हुने वा भएको शब्दहरुको समूह हो (तिवारी, १९८२:१३ ) ।

हरेक भाषाका पाठ्य पुस्तकहरु शब्द भण्डारसँग सम्बन्धित हुन्छन् भने तिर्ने पाठ्य पुस्तकहरु बाल बालिकासँग सम्बन्धित हुन्छन । यसकारण बालबालिकाको शब्द भण्डार क्षमतासँग मेल खाने तबरबाट पाठ्य पुस्तकको निर्माण हुनु पर्दछ । यदि मेल नखाएमा सिकाइको लागि हानिकारक हुन जान्छ । भाषा पाठ्य पुस्तक निर्माण गर्दा स्थानियता, क्षेत्रीयता त्यस्तै दोस्रो भाषीहरुको सिकाइलाई र विधागत आधारलाई ध्यानमा राखेर निर्माण गरिनु पर्दछ । पाठ्य पुस्तकमा प्रयोग गरिएका शब्दहरु विद्यार्थीको दैनिक जीवन र व्यवहारमा प्रयोग हुनु आवश्यक छ ।

यसरी सिकाइका विविध पक्षलाई अवलोकन गर्दा भाषा पाठ्य पुस्तकले शब्द भण्डारसँग निकटतम सम्बन्ध राख्छ भन्ने कुरा स्वतः थाहा हुन्छ । भाषा पाठ्य पुस्तकमा समावेश गरिएका शब्दहरु सबै विधामा सङ्ख्यात्मक रुपले समान हुँदैनन् । पाठ्य पुस्तक अर्न्तगत रहेका चिठी, कविता जस्ता विधामा थोरै शब्दहरुको प्रयोग भएका हुन्छन् भने कथा, निबन्ध, जीवनी जस्ता विधामा अधिक शब्दहरुको प्रयोग गरिएका  हुन्छ । खासगरी निबन्ध, जीवनी, कथा आदि विधामा प्रयोग गरिएका शब्दहरु बोधगम्य र स्तर अनुसार मिल्दाजुल्दा हुनु आवश्यक छ । माध्यमिक तहका दृष्टिले बालकहरुले नबुझ्ने गरी एउटै वाक्यमा अधिक शब्दहरुको प्रयोग गर्नुभन्दा वाक्य छोटा खालका बनाएर  बढीमा १०-१५ शब्दसम्मको प्रयोग गरी पाठ्य पुस्तक लेखनकार्य गर्दा राम्रो हुन्छ । भाषा पाठ्य पुस्तकमा कुन तहका लागि कस्ता कस्ता र कति शब्दहरुको छनोट गर्दा उपयुक्त हुन्छ भने कुरा स्पष्ट नगरिए वा नतोकिए पनि विद्यार्थीहरुको रुचि एवम् स्तर, उमेर, क्षमता सिकाइको स्तर आदिको अध्ययन गरिएको खण्डमा केही मात्रामा आधार भने बन्न सक्दछ ।

पाठ्य पुस्तक अन्तर्गत रहेका विभिन्न शब्दहरुलाई पदवर्गका हिसाबले वगीर्करण गरी छुट्याउनु पनि आवश्यक देखिन्छ । यहाँ कक्षा १० को नेपाली किताब अन्तर्गत जीवनी विधाहरुको पाठगत रुपमा पदवर्ग अध्ययन गरिएको छ ।

## ४.२ पदवर्गगत शब्द भण्डार

कार्यका दृष्टिले गरिने शब्दको वर्गीकरणलाई पदवर्ग भनिन्छ । परम्परित व्याकरणमा शब्दको, वर्गीकरणलाई शब्द विभाग वा पद विभाग भन्ने चलन छ । पदवर्गमा शब्दको वर्गीकरण कार्यको समानताको आधारमा गरिन्छ । समान रुप हुने र अन्य शब्दसँग समान सम्बन्ध राख्ने शब्दहरुलाई एउटै समूह वा वर्गमा विभाजित गरिन्छ भने त्यस वर्गका, जे, जाति भेद हुन्छन, तिनलाई पनि त्यसै वर्गको उपवर्गमा राखिन्छ । नेपाली नाम, सर्वनाम, विशेषण, क्रिया र अव्यय (क्रिया विशेषण, नामयोगी, संयोजक, विस्मयादि बोधक र निपात) गरी शब्द वर्ग रहेका छन् । यी मध्ये अव्ययहरु अविकारी र शेषविकारी हुन्छन् (शर्मा, २०५३:१२) ।

नेपाली भाषा अन्तर्गत रहेका शब्दहरुलाई पदवर्गको स्वरुपलाई विभिन्न प्रकारमा विभाजन गरिएको पाइन्छ । जस अन्तर्गत 'परम्परागत व्याकरणमा शब्दवर्ग' 'कार्यगत आधारमा शब्दवर्ग,' 'रुपात्मक आधारमा शब्दवर्ग' र 'कोशीय र संरचनात्मक आधारमा शब्दवर्ग' पर्दछन् ।

आरेखमा देखाउँदा :-

यसरी उक्त प्रकारले हाल भाषा परम्परा अन्तर्गत चलनचल्तीका हिसाबले विकारी र अविकारी अन्तर्गत पर्ने गरी शब्दलाई ९ वर्गमा विभाजन गरिएको पाइन्छ । यस अध्ययनमा यिनै ९ प्रकारका पदवर्गलाई समाविष्ट गरिएको छ ।

## ४.३ भाषा पाठ्य पुस्तकमा शब्द भण्डारको महत्त्व

विभिन्न, विषयका पाठ्य पुस्तकहरु निर्माण कार्यमा त्यस विषय वस्तुसँग सम्बन्ध भएका शब्दहरुको प्रविष्टिलाई त्यति वास्ता गरिएको हुँदैन तर भाषाको पाठ्य पुस्तकमा भने विद्यार्थीहरुको भाषिक कुशलता अभिवृद्धि गर्ने ध्येय, राखिएको हुनु पर्दछ र शब्दहरुको प्रविष्टि पनि त्यसै आधारमा गरिएका हुनु पर्दछ । शब्दहरुको छनोट र स्तरण बालकहरुको उमेर, बौद्धिक स्तर, क्षमता आदिको पहिचान, पहिलो भाषाको रुपमा प्रयोग गर्ने र दोस्रो भाषाको रुपमा प्रयोग गर्ने विद्यार्थीहरुको पृष्ठभूमि र स्तर मूल्याङ्कन गरी शब्दहरु मनो वैज्ञानिक आधारमा पाठ्य पुस्तकहरुका हरेक विधाहरुमा कठिनाइको स्तरमा समानुपातिक रुपमा समावेश गर्नुपर्ने हुन्छ । यसो भएमा भाषा विकासमा सर्वाङ्गीण पक्षबाट उपयुक्त भएको ठहर्दछ । अन्यथा त्यो पाठ्य पुस्तकमा समावेश गरिएको शब्दहरु भाषिक कौशल अभिवृद्धि गर्ने खालका हुनु पर्दछ । शब्दहरु त्यस कक्षाका निम्ति सबै पक्षलाई मूल्याङ्कन गर्दा ठिक छन् छैनन् हेरिनु पर्छ । उनीहरुको बौद्धिक परिपक्वताका आधारमा समावेश भएका शब्दहरुले शिक्षार्थीको भाषिक पक्षको विकासमा टेवा मिल्ने हुन्छ । पाठहरुमा शब्द भण्डारको विस्तार र प्रस्तुति मनो वैज्ञानिकता सम्मत र सन्तुलित नभएमा पाठ कठिन हुन्छ र सिकाइमा प्रतिकुल असर पर्दछ । जसका कारण सिकाइ उद्देश्यपूर्ण नहुन सक्छ । त्यसकारण भाषा पाठ्य पुस्तकमा शब्द भण्डारको महत्त्वपूर्ण स्थान रहन जान्छ । यस अध्ययनमा नौ प्रकारका पदवर्गको छोटो परिचय सहित पाठगत विश्लेषण गरिएको छ ।

## ४.४ पदवर्गगत शब्द भण्डारको परिचय

**क) नाम :-**

व्यक्ति, जाति, वस्तु, पदार्थ र भाव आदि बुझाउने शब्द नै नाम हुन् । यसलाई संज्ञा पनि भनिन्छ । प्रायश : को र के प्रश्नको उत्तरका रुपमा आउने शब्द नाम हुन्छन् । जस्तैः-

को ? :- मान्छे सीता, आमा, दाजु, शिक्षक, आदि ।

के ? :- पोखरी, मसी, बथान, पानी, सुख, आदि ।

सामान्यतया नामलाई पाच भागमा विभाजन गरिएको पाइन्छ ।

अ) **व्यक्तिवाचक :-** एउटैमात्र व्यक्ति, स्थान, वस्तु, चाडपर्व, नदी, हिमाल आदि लाई तोकेर बनाउने नामिक शब्द :- जस्तै :- राम, नेपाल, रामायण, दशैं, मेची, सगरमाथा आदि

आ) **जातिवाचक :-** सजीव वा निर्जीव कुराको जाति विशेषलाई बुझाउने सम्म नाम, जस्तै :- खोला, कुर्सी, पुस्तक, चरा, मानव, टोपी, अदालत आदि ।

इ) **समूहवाचक नाम :-** मानव वा मानवेतर कुराको समूह विशेषलाई बुझाउने नाम जस्तैः- कक्षा, गण, जन्ती, जमात, जुलुस, गुच्छा, गोलो, चाङ, थुप्रो, झुप्पो आदि

ई) **द्रव्यवाचक नाम :-** गन्न नसकिने तर नापतौल गर्न सकिने तरल, ठोस वा ग्याँस पदार्थलाई बुझाउने नाम : जस्तैः-चाँदी, चामल, जौ, तिल, दही, दाउरा, दाल, धुवाँ, पानी, फलाम, माटो आदि ।

उ) **भाववाचक नाम :-** अनुभवमात्र गर्न सकिने भाव विशेषलाई बुझाउने नाम जस्तैः- सुख, माया, दया, प्रेम, पुरुषत्व, जवानी, बनावट आदि ।

(श्रेष्ठ चीरकुमार, पोखेल भेषराज, :- प्रयोगात्मक नेपाली व्याकरण र रचनाशील्प)

**ख) सर्वनाम :-**

नामको सट्टामा प्रयोग हुने र नामसरहको काम गर्ने शब्दलाई सर्वनाम भनिन्छ । सर्वनाम विभिन्न किसिमका हुन्छन् जो निम्मानुसार रहेको छन् :

**१) पुरुषवाचक सर्वनाम :-**

नामको सट्टामा प्रयोग हुने प्रथम द्वितीय र तुतीय पुरुष जनाउने सर्वनामलाई पुरुषवाचक सर्वनाम भनिन्छ । यो तिन प्रकारको हुन्छ ।

अ) **प्रथम पुरुषवाचक सर्वनाम :-** म, हामी

आ) **द्वितीय पुरुषवाचक सर्वनाम :-** तँ, तिमी, तपाई, हजुर

इ) **तृतीय पुरुषवाचक सर्वनाम :-** ऊ, उनी, ती, तिनी, यी यिनी, यो, त्यो, यिनीहरु आदि ।

(श्रेष्ठ चीरकुमार पोखेल भेषराज, :- प्रयोगात्मक नेपाली व्याकरण र रचनाशील्प)

**ग) विशेषण :-**

नाम वा सर्वनामको विशेषता बताउने शब्दलाई विशेषण भनिन्छ । विशेषणले जुन नाम वा सर्वनामको विशेषता बताउँछ त्यसलाई विशेष्य भनिन्छ । नाम वा सर्वनाममा 'कति, कस्तो, कत्रो, कुन' जस्ता प्रश्नहरु गर्दा आउने उत्तरहरु विशेषण हुन्छन् । विशेषणका किसिमलाई पनि निम्नानुसार पाँच भागमा विभाजन गरिएको छ :

अ) **गुणबोधक विशेषण :-** विशेव्यको गुण, दोष, आकार, रङ, अवस्था आदि बुझाउने शब्दहरु नै गुणबोधक विशेषण हुन् जस्तैः- अग्लो, अध्ययनशील, कालो, खराब, गरीब, तीतो, धनी, पढेको, पाल्पाली आदि ।

आ) **परिमाणबोधक विशेषण :-** विशेव्यको परिमाण (तौल वा मात्र) बुझाउने विशेषण शब्दहरु जस्तैः- अलिकति, सम्पूर्ण, यथावत्, प्रत्येक, एकएक आदि

इ) **सङ्ख्याबोधक विशेषण :-** विशेव्यको सङ्ख्या, क्रम, आवृत्ति बुझाउने शब्दहरु सङ्ख्याबोधक विशेषण हुन् जस्तैः- एक, दुई, दश, पहिलो, दोस्रो, पचासौं, हजारौं दोब्बर, अढाई आदि ।

ई) **सार्वनामिक विशेषण :-** विशेष्यका अगाडि आएर विशेषणको काम गर्ने सर्वनाम शब्दहरु नै सार्वनामिक विशेषण हुन् जस्तैः-यो, त्यो, ती, जे, जो, को, के, कुन आदि ।

उ) **भेदक विशेषण** :- षष्ठी विभक्तिका चिहनहरु (को, का, की, रो, रा, नो, ना, नी) लागेर बनेको शब्दहरु नै भेदक विशेषण हुन् । जस्तैः- उसको दिदीका, आमाकी, मेरो, मेरी, आफ्नो, आफ्ना, आफ्नी आदि ।

**घ) क्रिया**

वाक्यलाई टुङ्ग्याउने पदलाई क्रियापद भनिन्छ । क्रियाले कर्ताले वा अन्यले गरेको कार्य बताउँछ । यसले वाक्यमा लिङ्ग, वचन, पुरुष, आदर, काल र पक्षका बारेमा जानकारी दिन्छ । यसले वाक्यले दिने अर्थलाई पूर्णता दिन्छ । धातुमा क्रियाबोधक प्रत्यक्ष जोडिएर क्रियापदको निर्माण हुन्छ । धातुबाट बनेका शब्द वाक्यलाई टुङ्ग्याउने र नटुङ्ग्याउने आधारमा समापिका क्रिया र असमापिका क्रिया गरी दुई प्रकारमा विभाजन गरिएको छ :

अ) **समापिका क्रिया :-** वाक्यालाई टुङ्ग्याउने क्रियापदलाई समापिका क्रिया भनिन्छ । जस्तै :- जान्छु, गयौं, जानुभयो, गइन्, गयो, गए, जान्छन्‌ आदि ।

**आ)** **असमापिका क्रिया (कृदन्त)** वाक्यलाई टुङ्ग्याउने नसक्ने क्रियापदलाई असमापिका क्रिया (कृदन्त) भनिन्छ । जस्तैं :- डुलाइ, डुल्नु डुल्दै डुल्न, डुलेर, डुलुन्जेल, डुली आदि ।

**ङ)** **क्रियायोगी**

क्रियापदको बयान गर्ने तथा क्रियासँग सम्बन्धित अविकारी शब्दलाई क्रियायोगी भनिन्छ । यसलाई क्रिया विशेषण पनि भनिन्छ । क्रियायोगीहरु प्राय : क्रियापदमा कहिले, कहाँ, कसरी, कति, किन, जस्ता प्रश्न गर्दा उत्तरका रुपमा आउँछन् । यसका पाँच प्रकारलाई निम्नानुसार विभाजन गर्न सकिन्छ :

**अ)** **समयवाचक क्रियायोगी :-** (कहिले)

क्रियापदको काम भएको समय बुझाउने क्रियायोगीलाई समयवाचक क्रियायोगी भनेर चिनिन्छ । जस्तैः- भर्खर, सधैं, उहिले, अब, भोलि, तुरुन्तै, हिजो, सबेरै पटक पटक, तुरुन्तै, त्यतिन्जेल आदि ।

**आ)** **स्थानवाचक क्रियायोगी :- (कहाँ)**

क्रियापदको काम भएको स्थान वा परिवेशलाई बुझाउने क्रिया विशेषणलाई स्थानवाचक क्रियायोगीका नामले चिनिन्छ । जस्तैः- उँभो, सामुन्ने, बाहिर, कहाँ, नजिक, टाढा, भित्र, तल, माथि, त्यहाँ, अगाडि, पछाडि आदि ।

**इ)** **रीतिवाचक क्रियायोगी :-(कसरी)**

क्रियापदको काम हुने ढङ्ग, तरिका वा रीति बुझाउने शब्दलाई रीतिवाचक क्रियायोगी भनेर चिनिन्छ जस्तै :- कसरी, त्यसरी, सुटुक्क, अकस्मत, आनन्द, साहससाथ, मस्तसँग आदि ।

**ई)** **परिमाणवाचक क्रियायोगी (कति)**

क्रियापदका कार्यको परिमाण वा मात्रा बुझाउने क्रिया विशेषण शब्दलाई परिमाणवाचक क्रियायोगी भनिन्छ । जस्तैः- धेरै, प्रशस्त, निकै, जति-त्यति, साह्रै, केवल, मात्र, कति आदि ।

**उ)** **कृदन्तबोधक क्रियायोगी**

धातुमा कृदन्तबोधक प्रत्यय थपेर बनेका क्रियायोगी शब्दलाई कृदन्तबोधक क्रियायोगी भनेर चिनिन्छ । जस्तैः- पढेर, पढेकोमा, पढ्न, गाउँदै जानाले, घुमी/घुमेर, खाएकोमा, गर्नाले, नभएकामा आदि ।

**च) नामयोगी**

नामिक शब्द (नाम, सर्वनाम, विशेषण) सँग पछाडि जोडिएर प्रयोग गरिने र शब्दहरुका बिचमा सम्बन्ध गाँस्ने विभक्ति जस्ता अव्यय शब्दलाई नामयोगीले चिनिन्छ । क्रिया विशेषण जस्तै नामयोगीलाई पनि समयवाचक स्थानवाचक, रीतिवाचक, दिशाबोधक, अवधिवाचक, सहितार्थबोधक, रहितार्थबोधक, कारणवाचक आदिमा विभाजन गरिएको छ । नामयोगीको पहिचानका लागि हामीले यो ख्याल गर्नु पर्छ कि नामयोगी सदा-सर्वदा नामको पछाडि हमेसा आएको हुन्छ । नामयोगी शब्दहरु यादि नामिक शब्दमा विभक्तिको प्रयोग छ भने अलगै लेखिएको हुन्छ भने विभक्तिको प्रयोग छैन भने सँगै जोडिएर लेखिन्छ । जस्तै :- खेर, बित्तिकै, पहिले, पूर्व, पश्चात्, पछि, उप्रान्त, पालि, ताका, पख नाजिक, माथि, मुनि, भित्र, बाहिर अनुसार आदि ।

**छ) संयोजक**

दुई वा दुई भन्दा बढी शब्द वा उपवाक्य वा वाक्यलाई जोड्ने शब्दलाई संयोजकको रुपमा लिइन्छ । संयोजकलाई सापेक्ष संयोजक र निरपेक्ष संयोजक गरी दुई भागमा विभाजन गरिएको छ । मिश्र वाक्यका मुख्य वाक्य तथा उपवाक्यलाई जोड्नको लागि प्रयोग हुन आउने जब/तब, जहाँ/त्यहाँ, यादि भने आदि शब्दहरुलाई सापेक्ष संयोजकको रुपमा वरण गरिन्छ भने संयुक्त वाक्यका स्वतन्त्र वाक्यखण्डहरुलाई जोड्न आउने, र, तर, पनि, वा, अथवा, आदिलाई निरपेक्ष संयोजकको रुपमा लिइन्छ ।

**ज) विस्मयादि बोधक :-**

वक्ता वा प्रस्तोताको मनको हर्ष, दु:ख, आश्चर्य तिरष्कार, सम्बोधन, प्रशंसा, निन्दा, घृणा आदि भाव एवम् दशा वा वृत्ति बुझाउने शब्दलाई विस्मयादि बोधकको रुपमा पदवर्ग विभाजन गरिएको छ । अहो!, आम्मै!, आथा, आहा! स्यावास्, छि! छि!, हरे! धिक्कार ! आदि शब्दहरु विस्मयादि बोधकका उदाहरण हुन् ।

**झ) निपात :-**

निपातको आफ्नै, छुट्टै अर्थ हुँदैन, तर वाक्यमा प्रयोग हुँदै यसले मिठास उत्पन्न गर्न सघाउँछ । यसले वाक्यलाई लचिलो बनाउन पनि मद्दत गर्छ । वाक्यमा प्रयोग हुँदा

यसले प्रस्तोताले प्रस्तुत गर्न खोजेको कुरालाई जोड दिएर प्रभावकारी ढङ्गमा अभिव्यक्त गर्न सहयोग पुऱ्याउँछ । यसले निश्चय, आग्रह, अवधारणा, बल, स्वीकृति, सम्भावना, अनुमति आदि भाव अभिव्यक्त गर्न सघाउँछ । त, नि, पो, नै, अँ, अरे, क्यारे, ब्यारे आदि निपात हुन् (सुनौलो नेपाली व्याकरण, रचना, अभिव्यक्ति र अभ्यास, २०६७:२५) ।

## ४.५ स्रोतका आधारमा शब्द भण्डारको परिचय

कक्षा १० को जीवनी विधा अन्तर्गत शब्द भण्डारको अध्ययन गर्ने क्रममा शब्दस्रोतलाई पनि प्रमुख रुपमा लिइएको छ । नेपाली भाषाको इतिहासलाई अध्ययन गर्ने हो भने यो भाषा भारोपेली परिवारको सतम् वर्गको आर्य इरानेली शाखाको संस्कृत भाषाबाट विकसित भएको भाषा हो । त्यसकै कारण नेपाली भाषामा संस्कृत भाषाका शब्दको प्रयोग धेरै पाइन्छ । नेपाली भाषाको शब्द भण्डारलाई हेर्ने हो भने विभिन्न स्रोतबाट शब्द भण्डार लिइएको देखिन्छ । स्रोतका आधारमा नेपाली भाषामा प्रयोग भएका शब्दलाई दुई भागमा विभाजन गरिन्छ :

क) मौलिक शब्द

ख) आगन्तुक शब्द

**क) मौलिक शब्द**

मौलिक शब्द भन्नाले ठेट नेपालीका झर्रा शब्द संस्कृतबाट जस्ताको तस्तै आएर नेपालीमा प्रयोग भएका तत्सम शब्द, संस्कृतबाट रुप फेरिएर उही अर्थ बोकेर प्रयोगमा आएको तद्भव शब्दहरुलाई मौलिक शब्द भनिन्छ ।

तत्सम शब्द : ईश्वर, श्रद्धा, कृति, आकृति, दर्शन .................. आदि ।

तद्भव शब्द : फूल (पुष्प), छाता (छत्र), कान (कर्ण) ............. आदि ।

ठेट नेपालीका शब्द : ढिंडो, गुन्द्रुक, कटेरो, स्वाट्ट .................. आदि ।

**ख) आगन्तुक शब्द**

ठेट नेपाली र संस्कृत बाहेक अन्य भाषाबाट नेपालीमा आएर प्रयोग भएका शब्दलाई आगन्तुक शब्द भनिन्छ । नेपाली भाषामा विभिन्न भाषाबाट शब्दहरु आएर प्रयोग भएका छन् । नेपाली भाषाका केही आगन्तुक शब्दहरु यस प्रकारका छन् :

| भाषा | आगन्तुक शब्द |
|---|---|
| अङग्रेजी | : कोट, फोटो, एक्सरे, टेबल |
| हिन्दी | : अन्धाधुन्ध, आपस ........ |
| पोर्तुगाल | : कमिज, गोदाम, अचार |
| चिनिया | : मोमो, चाउचाउ |
| नेवारी | : पर्खाल, झ्याल, पसल, बुइँगल |
| गुरुङ्ग | : राडी, रोदि, धुन |
| तामाङ | : सेलो, डम्फू, च्याङ्बा |
| मगर | : रक्सी, आले, पाखी |
| मैथिली | : जन, पटुवा, ढेवा |
| तिब्बती | : जिम्बु, लामा, बख्खु |
| फारसी | : किराना, गुलाफ, सरकार, अनार |
| तुर्की | : तोप, चम्चा, कैंची, कुल्ली |
| ग्रीसेली | : थेसिस, थर्मस, फिलोसफी |
| फ्रेन्च | : कलेज, कार्टुन, पुलिस |
| इटालियन | : क्याम्पस, कोटा, स्टुडियो |

यसरी नै अन्य भाषाबाट आएका शब्दहरुलाई नेपाली भाषामा प्रयोग गरिएको छ । यस्ता शब्दहरु सबै आगन्तुक शब्द हुन् (लम्साल, भट्टराई, कंडेल, नेपाली गद्य साहित्य र भाषाबाट)

# अध्याय : पाँच

# पाठगत शब्द भण्डारको विश्लेषण

## ५.१ 'जयपृथ्वी बहादुर सिंह'

यहाँ 'जयपृथ्वी बहादुर सिंह' भन्ने पाठमा प्रयोग भएका शब्दहरुलाई शब्दस्रोत र शब्दवर्गको आधारमा गरिएको वर्गीकरणलाई प्रस्तुत गरिएको छ । यसलाई वर्गीकरण गर्ने क्रममा प्रचलित नेपालीका महत्त्वपूर्ण कोश, व्याकरण ग्रन्थहरु एवम् शोध निर्देशकज्यूको निर्देशनलाई आधार लिइएको छ । स्रोतका आधारमा तथा शब्दवर्गगत आधारमा वर्गीकृत गरिएका शब्दावलीलाई तालिकाका माध्यमबाट निम्नानुसार प्रस्तुत गरिएको छ :

### ५.१.१ स्रोतका आधारमा समग्र शब्दको वर्गीकरण

जयपृवी बहादुर सिंह पाठमा रहेका शब्दहरुलाई गणना गर्दा आवृत्ति भएका शब्दलाई  छोडिएको छ । त्यसैले समष्टिगत शब्दमा केही कम्ति हुन आएको कुरा समेत जानकारी गराइएको छ। जसलाई निम्न तालिकाले प्रष्ट्याएको छ।

**तालिका नं. १**

| क्र. सं. | शब्द स्रोत | | शब्द सङ्ख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| 1 | मौलिक शब्द | तत्सम | 228 | 42=01 | |
| | | तद्भव | 257 | 48=49 | |
| 2 | आगन्तुक शब्द | | 45 | 8=49 | |
| | **जम्मा** | | **530** | **100** | |

माथिको तालिकामा जयपृथ्वी बहादुर सिंह पाठभित्र रहेका शब्दहरुलाई स्रोतका आधारमा वर्गीकरण गरिएको छ। शब्दहरुको वर्गीकरणलाई हेर्दा केशीय प्रविष्टिको आधारमा वर्गीकरण गरिएका शब्दहरुको विवरणलाई प्रस्तुत गरिएको छ । सङ्ख्यात्मक हिसाबमा गणना गर्दा आगन्तुक शब्द सबैभन्दा कमी र तद्भव शब्दहरु सबैभन्दा बढी देखिन्छन् ।

स्रोतका आधारमा शब्द प्रयोगको स्थितिलाई हेर्दा जम्मा शब्दहरुको सङ्ख्या ५३० रहेका छन् । उक्त शब्दहरु मध्ये तत्सम शब्दहरुको सङ्ख्या २२८ रहेको छ र ४३.०१ प्रतिशत स्थान ओगटेको पाइन्छ । त्यस्तै सबैभन्दा बढी रहेका तद्भव शब्दहरुले सङ्ख्या २५७ छ भने ४८.४९ प्रतिशत स्थान ओगटेका छन् । त्यस्तै सबैभन्दा कम स्थान ओगटेका आगन्तुक शब्दहरु जम्मा ४५ रहेका छन् । जसले ८.४९ प्रतिशत स्थान ओगटेका छन् । उक्त शब्दहरुलाई निम्न तालिकाले खुलस्त पारेको छ :

| **मौलिक शब्द अन्तर्गत तत्सम शब्दहरु** |
|---|
| अक्षराङ्क, अग्रणी, अञ्चल, अत्यन्त, अध्ययन, अन्ततः, अपवाद, अभिबृद्धि, अमर, अवधि, अवस्था, असम्भव, आकार, आक्रमण, आदि, आधार, आध्यात्मिक, आन्दोलन, आयुर्वैदिक, आर्थिक, आश्विन, औपचारिक, औषधालय, इतिहास, उत्थान, उदाहरण, उन्नति, उच्च, उच्चशिक्षा, उत्तीर्ण, उदार, उपासक, एक, एवम्, कक्षा, कर्म, कर्मठ, कलम, कल्याण, कार्य, कुशल, कृति, क्रम, क्रियाकलाप, क्षेत्र, खानी, गरिमा, गुण, गोरखा पत्र, घृणा, चिन्तन, चीन, चेतना, च्युत, जनक, जनता, जनस्वास्थ्य, जन्म, जयपृथ्वी, जातजाति, जीवनकाल, जीवनशैली, ज्ञान, ज्वलन्त, तत्त्व, तर्क, त्याग, दयालु, दायित्व, दिन, दुःख, दृष्टि, देवी, देहावसान, धनी, धार्मिक, पत्नी, पत्रकार, पत्रिका, पद, पदार्थ, परसेवा, परिचय, परिचालन, परिणाम, परिपाटि, परिवर्तन, परिवार, परिस्थिति, परीक्षा, परोपकार, पवित्र, पाठ्य पुस्तक, पाठशाला, पिता, प्रकार, प्रकाशन, प्रचारप्रसार, प्रजातान्त्रिक, प्रतिनिधि, प्रतिभाशाली, प्रभावित, प्रलोभन, प्रयत्न, प्रयाग, प्रवेशिका, प्राकृतव्याकरण, प्राथमिक, प्राप्त, प्रेरित, प्रोत्साहन, बन्धुबान्धव, बहुआयामिक, बाल्यकाल, बुद्धिजीवी, बोध, भाद्र, भावना, भाषा, भूगोल, भ्रमण, भ्रातृत्व, भौतिक, महत्त्व, महायज्ञ, महाराजा, महारानी, माध्यम, मानवता, मूर्तरुप, यातायात, योगदान, योजना, राजनीतिशास्त्र, राजपाट, राजसी, राजा, राज्य, राष्ट्रसेवा, राष्ट्रिय, रुद्रकुमारी, रुष्ट, वचन, वर्ष, वर्षा, वाङ्मय, विकास, विक्रम, विचारक, विचारधारा, विज्ञान, विदेश, विधा, विभिन्न, विरोध, विरुद्ध, विविध, विशिष्ट, विशेष, विश्वशान्ति, विषम, विषय, वैभव, व्यक्त, व्यक्तित्व, व्यतीत, व्यवस्था, व्यवहार, व्यवहारमाला, व्यवहारोपयोगी, व्याकरण, शक्तिशाली, शान्ति, शासन, शिक्षा, शिक्षादर्पण, शिक्षित, शैक्षिक, संस्था, सङ्घ, सञ्चालन, सत्य, सत्ता, सत्ताच्युत, सदस्य, सदा, सन्तोष, समर्थन, समर्पित, समय, समाजशास्त्र, समेत, सम्पन्न, सम्प्रदाय, सम्पादक, सम्पूर्ण, |

| |
|---|
| सम्मानित, सर्वसाधारण, सहयोग, साधन, सामाजिक, साहस, साहित्य, सिंह, सिद्धान्त, सुखसयल, सुगम, सुदृढ, सुधारवादी, सुविधा, सेवा, स्थानीय, स्थापना, स्थापित, स्थिति, स्वदेश, स्वभाव, स्वरुप, स्वाभिमान, स्वास्थ्य, हित, हृदयरोग |

| **मौलिक शब्द अन्तर्गत तद्भव शब्दहरु** |
|---|
| अछाम, अड्डा, अनि, अनेकौं, अति कमजोर, अलिकति, आए, आज, आठ, आत्मविश्वास, आफू, आफैं, आफ्ना, आफ्नो, आमा, उकास्ने, उठेका, उन, उनको, उनी, एउटा, कदम, करतुत, कहाँ, कहिल्यै, काठमाडौं, काम, किनेर, कुनै, कुटनैतिक, क्रमशः, क्रान्तिकारी, क्षितिज, खुल्न, खोलिएका, खोली, खोल्न, खोल्ने, गए, गएकाले, गएर, गराइयो, गरिन्, गरियो, गरी, गरे, गरेर, गर्ने, गऱ्यो, गिर्दो, गोरेटो, घर, घरेलु, घोडेटो, चन्द्रशमशेर, चलाउन, चल्दै, चार, चाहँदैनथे, चाहन्छ, चिन्तनशील, चिन्तित, चेतनशील, चौतर्फी, छ, छन्, छोटो, छोरा, जति, जन्मेर, जस्तो, जुट्ने, जुवाँइ, जेठो, जोड, ज्यान, ठाउँ, ठूलो, डँडेलधुरा, डराउँदै, डोटी, तत्कालीन, तर, तसर्थ, तालिम, ती, तुरुन्तै, त्यतिखेर, त्यस, त्यसै, त्यस्तो, त्यहाँ, त्यागी, थापाथली, थापेर, थाले, थिए, थिएन, थियो, दिइरहे, दिइयो, दिइएको, दिए, दिएका, दिँदै, दिने, दिलाउने, दुई, देखाइयो, देखेर, देवशंशेर, धेरै, नभएमा, नभएर, नलेखिएको, नहारिकन, निकाल्ने, निकै, निरन्तरता, निर्भीकता, नेपाली, पचेन, पढ्न, पढाइ, पढाउन, पढेपछि, पत्रकारिता, परेर, पहल, पहिलोपटक, पाँच, पाइन्छ, पाए, पाला, पीडित, पुगे, फस्टाउने, फैलाउने, बझाङ, बझाङ्गी, बढाउँदै, बढाए, बनाउन, बनी, बनेका, बसे, बस्ने, बालसाहित्य, बितेको, बिर्सेनन्, बेलायत, भई, भए, भएको, भएकोले, भएपछि, भएर, भने, भन्ने, भयो, भर्ना, भलाइ, भलो, भाइ, भारत, भारदारी, भूमिसुधार, मन, मात्रै, माथि, मानिस, मिलाए, मिल्छ, यतिमात्र, यस, यसपछि, यसरी, यसै, यस्तो, युरोपेली, यो, र, रहने, रहन्थे, रहेको, राख्थे, राणाशासक, राणाशासन, राम्रो, रुप, लगाए, लगेर, लडाइँ, लागे, लाग्ने, लिने, लेखेका, लेखे, लेख्ने, ल्याइन्, ल्याई, ल्याएनन्, सक्दैन, सबै, समाजसुधार, सम्म, ससुरा, सात, साथ, सानै, सानोतिनो, सारा, सारे, सीप, सुधार, सुम्पेर, सृजना, सेती, हाटबजार, हाते, हाम्रा, हुन, हुनु पर्छ, हुन्छ, हुँदै, हेर्नु, हो, होइन |

| आगन्तुक शब्दहरु |
| --- |
| अखबार (अ.), अङ्ग्रेज (अङ्.), अतिकमजोर (का.), अमेरिका (अङ्.), अविसिनिया (अङ्.), असर (अ.), असल (अ.), अस्पताल (अङ्.), आइ.ए.(अङ्.), इजिप्ट इलाम (अ.), उमेर (अ.), ऐस आराम (अ.), अनैल (अङ्.), कलकत्ता (हि.), कलेज (अङ्.), खराब (अ.), ख्याल (अ.), गरिब (अ.), जर्मनी (अङ्.), जापान (अङ्.), जिल्ला (अ.), जे.पि.इस्न्टिच्युट (अङ्.), ज्यादै (अ.), तयार (अ.), दरबार (फा.), 'द ह्युम्यानिष्ट' (अङ्.), फ्रान्स (क्रे.) , फराकिलो (फा.), बङ्लोर (हि.), बहादुर (तु.), बाजी (फा.), बन्द (फा.), मुलुक (अ.), मौका (अ.), म्यानमार (फा.), वकिल (अ.), बम सादा (फा.), सुरु (अ.), स्वीजरल्याण्ड (अङ्.), हक (अ.), हाइस्कुल (अङ्.), हिम्मत (अ.) |

### ५.१.२ शब्दवर्गको आधारमा शब्दहरुको वर्गीकरण

उक्त पाठमा समाहित शब्दहरुलाई शब्द वर्गको आधारमा निम्नानुसार वर्गीकरण गरिएको छ :

**तालिका नं. २**

| क्र.सं. | शब्दवर्ग | शब्द सङ्ख्या | प्रतिशत | कैफियत |
| --- | --- | --- | --- | --- |
| 1 | नाम | 483 | 41=49 | |
| 2 | सर्वनाम | 98 | 8=41 | |
| 3 | विशेषण | 250 | 21=47 | |
| 4 | क्रियापद | 105 | 9=02 | |
| 5 | क्रियायोगी | 146 | 12=54 | |
| 6 | नामयोगी | 13 | 1=11 | |
| 7 | संयोजक | 64 | 5=49 | |
| 8 | विस्मयादि बोधक | 1 | 0=08 | |
| 9 | निपात | 4 | 0=34 | |
| | **जम्मा** | **1164** | **100** | |

'जयपृथ्वी बहादुर सिंह' पाठमा प्रयुक्त शब्दहरुलाई पदवर्गको आधारमा ९ प्रकारमा विभाजन गरिएको छ । शब्दकोशलाई आधार मान्दै कोशीय प्रविष्टिको आधारमा पदवर्गको वर्गीकरण गरिएको छ । जस अनुसार सबैभन्दा बढी शब्दसङ्ख्या नाम पदवर्ग अन्तर्गत पर्दछन् । यस पाठमा जम्मा ४८३ शब्दहरु नामिक शब्दहरु रहेका छन् । त्यस्तै सर्वनाम अन्तर्गत ९८ शब्दहरु रहेका छन् भने प्रतिशतको आधारमा ८.४१ प्रतिशत रहेको पाइन्छ । विशेषण शब्दहरुको सङ्ख्या २५० तथा २१.४७ प्रतिशत रहेको छ । त्यस्तै उक्त पाठमा प्रयुक्त क्रियापद शब्दहरुको सङ्ख्या १०५ तथा ९.०२ प्रतिशत रहेको पाइन्छ । त्यस्तै क्रियायोगी शब्दहरु १४६ तथा १२.५४ प्रतिशत रहेका छन् । त्यस्तै नामयोगी शब्दहरु १३ वटा छन् भने १.११ प्रतिशत स्थान ओगटेका छन् । संयोजक शब्दहरु ६४ छन् र ५.४९ प्रतिशत स्थान ओगटेका छन् । त्यस्तै विस्मयादि बोधकको सङ्ख्या १ रहेको र ०.०८ प्रतिशत स्थान ओगटेको देखिन्छ । निपातको सङ्ख्या ४ रहेको र ०.३४ प्रतिशत स्थान ओगटेको पाइयो ।

उक्त शब्द वर्गहरुलाई निम्न तालिकाले  खुलस्त पारेको छ ।

| नाम | सर्वनाम | विशेषण | क्रियापद | क्रियायोगी | नामयोगी | संयोजक | विस्मयादि बोधक | निपात |
|---|---|---|---|---|---|---|---|---|
| अक्षराङ्क | आफ्नो | अग्रणी | आए | | | | | |
| अखबार | आफ्ना | अति कमजोर | गए | अत्यन्तै | मार्फत | अनि | | नै |
| अङ्ग्रेज | आफू | अनेकौं | गराइयो | अत्यन्त | लगायत | तथा | र ! | |
| अञ्चल | आफै | अमर | गरिन् | अलिकति | लागि | तर | | |
| अछाम | उन | असम्भव | गरियो | आज | समेत | तसर्थ | | |
| अड्डा | उनको | असल | गरे | उठेका | सम्म | त्यसैले | | |
| अध्ययन | उनी | आइ.ए. | गऱ्यो | एवम् | साथ | पनि | | |
| अपवाद | ती | आकारको | चाहँदैनथे | कहाँ | | भने | | |
| अभिबृद्धि | यस | आठ | चाहन्छ | कहिल्यै | | र | | |
| अमेरिका | | आर्थिक | डराउँदैनथे | किनेर | | | | |
| अवधि | | आध्यात्मिक | छ | क्रममा | | | | |
| अवस्था | | आफ्ना | छन् | क्रमशः | | | | |
| अविसिनिया | | आफ्नो | थाले | खुल्न | | | | |
| असर | | आयुर्वैदिक | थिए | खोल्न | | | | |
| अस्पताल | | औपचारिक | थिएन | खोली | | | | |
| आकार | | उकास्ने | थियो | गई | | | | |

| नाम | सर्वनाम | विशेषण | क्रियापद | क्रियायोगी | नामयोगी | संयोजक | विस्मयादि बोधक | निपात |
|---|---|---|---|---|---|---|---|---|
| आक्रमण | | उच्च | दिइयो | गएकाले | | | | |
| आत्मविश्वास | | उच्च शिक्षा | दिइरहे | गराई | | | | |
| आदि | | उदार | दिए | गरी | | | | |
| आधार | | उत्तीर्ण | देखाइयो | गरे | | | | |
| आन्दोलन | | उपासक | पचेन | गरेकोमा | | | | |
| आमा | | एउटा | पाए | गरेकाले | | | | |
| आश्विन | | एक | पाइन्छ | गर्न | | | | |
| औषधालय | | कर्मठ | गर्न | | | | | |
| इजिप्ट | | क्रान्तिकारी | बढाए | गर्दा | | | | |
| इतिहास | | कुनै | बिर्सेनन् | गुमाउन | | | | |
| इलाम | | कुशल | भए | गरेर | | | | |
| उदाहरण | | कुटनितिक | भयो | चलाउन | | | | |
| उन्नति | | खराब | मिलाए | चल्दै | | | | |
| उमेर | | खोल्ने | | जन्मेर | | | | |
| ऐसआराम | | खोलिएका | | जस्तै | | | | भने |
| कक्षा | | गरिब | रहन्थे | जस्तै | | | | |
| कदम | | गरेको | रख्थे | जुट्ने | | | | |

| नाम | सर्वनाम | विशेषण | क्रियापद | क्रियायोगी | नामयोगी | संयोजक | विस्मयादि बोधक | निपात |
|---|---|---|---|---|---|---|---|---|
| कर्नेल | | गर्ने | लगाए | जोड | | | | |
| करतुत | | गहन | लागे | तत्कालिन | | | | |
| कर्म | | गिर्दो | लेखे | तत्कालिन | | | | |
| कलकत्ता | | गोरेटो | ल्याइन् | तुरुन्तै | | | | |
| कलम | | घरेलु | ल्याएनन् | त्यतिखेर | | | | |
| कलेज | | घोडेटो | सक्दैन | त्यसपछि | | | | |
| कल्याण | | चलाउने | सारे | त्यहाँ | | | | |
| काठमाडौं | | चार | हुन् | त्यसैले | | | | |
| कानुन | | चिन्तनशील | हुन्छ | त्यागी | | | | |
| काम | | चिन्तित | हुन्छन् | थापेर | | | | |
| कार्य | | चेतनशील | हुनु पर्छ | दिइएकोमा | | | | |
| किसान | | चौतर्फी | हो | दिएकाले | | | | |
| कुरा | | च्युत | होइन | दिदैं | | | | |

| नाम शब्दहरु |
| --- |
